# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, फागुन ४ गते २०४३ साल (संख्या ४४

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वन विभागअन्तर्गत तराई सामुदायिक वन विकास आयोजना हेटौंडाको लागि आई. डी. ए. को ऋण सहयोग अन्तर्गत खरिद भई पैठारी हुने निम्नबमोजिमका सामानहरूमा लाग्ने भन्सार महसूल १ प्रतिशत मात्र लिने र बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | मूल्य (जापानी येन) |
|---|---|
| १. २६ थान मोटरसाईकल र स्पेयर पार्टस् | ४,७६१,९००।– |
| २. ११ थान पिकअप भ्यान | १८,५९०,०००।– |
| सोको स्पेयर पार्टस् | १,८५१,०००।– |
| ३. ट्र्याक्टर, डिस्क हेरो | ३,२३४,०००।– |
| रोटरी टिलर जेनरेटर र ट्रेलर २।२ सेट तथा स्पेयर पार्ट | १०,७३६,०००।– |
| ४. ट्राक्टर, डिस्क हेरो, रोटरी टिलर र ट्रेलर २।२ सेट | ६,७६०,०००।– |
| ५. पिकअप ३ थान र स्पेयर पार्टस् | ५,०७०,०००।– |
| ६. मेशिनरी र अफिस सामानहरू अमेरिकी डलर | १०,१५६।२६ |

आज्ञाले,

शशिनारायण शाह

श्री ५ को सरकारको का. मु. सचिव

456

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा २ को खण्ड (क) को (१४) ले दिएको अधिकार प्रयोग गरी निम्नलिखित थप पदार्थ वा वस्तुलाई पनि आवश्यक पदार्थ भनी तोकेको छ ।

खाद्य पदार्थः

१. चामल– (क) मसिनो– पोखरेली र मन्सुलीसमेत
(ख) मोटो– मोटो तथा उसिनासमेत

२. च्यूरा

३. चिया

४. खानेतेल– (क) तोरीको तेल
(ख) भटमासको तेल

५. घ्यू– वनस्पति घ्यूसमेत

६. दूध– बेबीफुड तथा पाउडर दूधसमेत

७. तरकारी– आलु, प्याज र गोलभेंडा

८. मासु– सबै प्रकारको मासु तथा माछा

९. फलफूल– मोसम, केरा, स्याउ र सुन्तला

१०. मसला– जिरा, मरीच, अदुवा, लसुन, धनिया र खोर्सानी

अन्य आवश्यकीय पदार्थः

११. मोटा बानाको कपडा (धोती, साडी र सर्टिङ्गसमेत ४० काउन्टसम्मको)

१२. साबुन– (क) लुगा धुने
(ख) नुहाउने

१३. मल

१४. (क) दाउरा
(ख) कोइला

६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्माण सामग्रीः

१५. फलामे छड

१६. जी. आई. तथा पोलिथिन पाइप

१७. काठ

शैक्षिक सामग्रीः

१८. लेख्ने र छाप्ने कागज– कापी, कलम, मसी, सीसाकलम

१९. न्यूज प्रिण्ट

आज्ञाले,

मङ्गलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।